**नेपाल सरकार**
**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**
**शैक्षिक गुणस्तर परीक्षण केन्द्र**
**सानोठिमी, भक्तपुर**

माइक्रो बस भाडामा लिनेसम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना
सिलबन्दी दरभाउपत्र सङ्ख्याः ERO/ १।०७९।०८०
प्रथमपटक सूचना प्रकाशन भएको मितिः २०७९।०८।११

१. कर्मचारी कार्यालयमा मासिक रुपमा कर्मचारी ल्याउने र लैजाने प्रयोजनको लागि देहायबमोजिमको रुटमा कम्तीमा १५ सिट क्षमताको माइक्रोबस सञ्चालनका लागि शैक्षिक गुणस्तर परीक्षण केन्द्र दर्तावाला सेवा प्रदायकहरूबाट सिलबन्दी दरभाउपत्र आव्हान गर्दछ ।

* रुट कोटेश्वर, सानेपा, कलंङ्की चोक, लोकतान्त्रिक चोक, नयाँवसपार्क, बालुवाटार, चाबहिल, पेप्सीकोला हुँदै शैक्षिक गुणस्तर परीक्षण केन्द्र, सानोठिमीसम्म ।

२. सिलबन्दी दरभाउपत्र पेस गर्न इच्छुक र योग्य आपूर्तिकर्ताहरूले सिलबन्दी दरभाउपत्रसम्बन्धी थप जानकारीका लागि शैक्षिक गुणस्तर परीक्षण केन्द्र, सानोठिमी, भक्तपुर, मो.नं. ९८४३३५७८७७ टेलिफोन ०१६६३२१६, ०१६६३४३६२ मा सम्पर्क राख्न सकिने छ ।

३. सिलवन्दी दरभाउपत्र पेस गर्न सम्बन्धित कम्पनी/फर्मका नाममा कम्तीमा १५ वर्ष भन्दा पुरानो नभएको कम्तिमा २ (दुई) ओटा माइक्रो बस (ब्याकअपका लागि) हुनुपर्ने छ ।

४. योग्य आपूर्तिकर्ताहरूले मिति २०७९।०८।२५ गते को १२:०० बजे भित्रमा १,००० रुपियाँ (फिर्ता नहुने) दस्तुर तिरी फर्म दर्ता प्रमाणपत्रसहित लिखित निवेदन शैक्षिक गुणस्तर परीक्षण केन्द्र, सानोठिमी, भक्तपुरमा पेस गरी सिलबन्दी दरभाउपत्रसम्बन्धी कागजात खरिद गर्न सक्ने छन् ।

५. सिलबन्दी दरभाउपत्रहरु २०७९।०८।२५ गते ०४.०० बजे भित्र शैक्षिक गुणस्तर परीक्षण केन्द्र, सानोठिमी, भक्तपुरमा दर्ता गर्नुपर्ने छ । उल्लिखित समयभन्दा ढिलो गरी प्राप्त भएका नियमानुसार रित नपुगेका दरभाउपत्र अस्वीकृत गरिने र अग्रिम कारवाहीका लागि समावेश गरिने छैन ।

६. प्राप्त भएका सिलबन्दी दरभाउपत्रहरु २०७९।०८।२६ गते २.०० बजे उपस्थित हुन चाहने आपूर्तिकर्ताका प्रतिनिधिहरुको रोहबरमा शैक्षिक गुणस्तर परीक्षण केन्द्र, सानोठिमी, भक्तपुरमा खोलिने छ । दरभाउपत्रको मान्य अवधि दरभाउपत्र खोलिएको दिनदेखि गणना हुने गरी कम्तीमा ४५ दिनसम्म हुनु पर्ने छ ।

७. यदि दरभाउपत्र खरिद गर्ने, पेस गर्ने वा खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा त्यसपछिको लगत्तै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ । यस्तो अवस्थामा दरभाउपत्र तथा दरभाउपत्र जमानतको मान्यअवधि साबिककै मितिदेखि गणना गरिने छ ।

८. कुनै वा सबै सिलबन्दी दरभाउपत्र पूरै वा आंशिक रूपमा स्वीकार वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार शैक्षिक गुणस्तर परीक्षण केन्द्रमा निहित रहने छ ।

९. सेवा संचालन लागु हुने मिति र अन्य आवश्यक व्यवस्था र शर्त संझौतामा उल्लेख भए बमोजिम हुनेछ ।